# नलगाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दल्ली, जाजरकोट

ईमेल :- ito.nalgaadmun@gmail.com


पत्र संख्या :- ०८०/०८१ (प्रशासन) मिति :- २०८०।१०।०४

चलानी नं.:- ने.स.:११४४, पोहेलाथ्व-विहीवार

**सहिद तथा बेपत्ता परिवारका सदस्यलाई सहिद स्मृति भत्ता प्राप्तिको लागि निवेदन दिने सम्बन्धि सूचना !!!**

प्रस्तुत सम्बन्धमा कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेन्द्रनगर, सुर्खेतकको च नं ४१२ मिति २०८०।०९।२९ गतेको प्राप्त पत्रानुसार जनयुद्ध, जनआन्दोलन र प्रदेश स्थापनाका लागि भएको आन्दोलनका सहिद वा बेपत्ता परिवारका हकवालालाई **"सहिद स्मृति भत्ता प्रदान गर्न सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८०"** मा भएको व्यबस्था बमोजिम नेपाल सरकार गृह मन्त्रालय/जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरणका आधारमा यस नगरपालिका भित्रका सहिद तथा बेपत्ता भएका व्यक्तिहरुको हकवालाले सूचना प्रकाशित भएको ३० दिन भित्र तपसिलमा उल्लेख भए बमोजिमका कागजात सहित यस नगरपालिकामा सहिद स्मृति भत्ता प्राप्तिको लागि निवेदन दिनुहुन र यस सम्बन्धि विस्तृत जानकारीको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयको वेवसाइट **moial.karnali.gov.np** तथा नलगाड नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन सरोकारवाला सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. हकवालाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान १,

२. हकवालाको मृतकसंगको नाता खुल्ने प्रमाणित कागजात,

३. सहिद/वेपत्ता पारिएको व्यक्तिको गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा नाम समावेश भएको प्रमाणित कागजात वा सिफारिस वा नेपाल राजपत्रमा प्रकाशन भएको सहिद तथा वेपत्ता नागरिकको विवरणको प्रतिलिपी वा वेपत्ता पारिएका व्यक्तिको हकमा सत्यनिरुपण तथा मेलमिलाप आयोगबाट जारी गरेको परिचयपत्रको प्रतिलिपी,

४. हकवालाको बैंक खाता नम्बर खुल्ने कागजात,

(दिनेश भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत